# राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७८

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तीका लागि सिफारिस गर्ने प्रयोजनका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडको नियमावलीको नियम ३३ को उपनियम (७) मा रहेको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ ।

## १. दरखास्त आह्वान :

(क) राष्ट्रिय बीमा कम्पनी लिमिटेडको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा पदपूर्तिका लागि १५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची -१ बमोजिमको दरखास्त आह्वानको सूचना प्रकाशित गरिनेछ ।

(ख) राष्ट्रिय बीमा कम्पनी लिमिटेडको कर्मचारी प्रशासन विभागले यस पदपूर्ति सिफारिस उपसमितिको सचिवालयको रुपमा काम गर्नेछ ।

## २. योग्यता तथा अनुभवः

क) बीमा, व्यवस्थापन, वित्त, लेखा, अर्थशास्त्र, बाणिज्यशास्त्र, कानून, गणित, तथ्याङ्कशास्त्र वा इन्जिनियरिङ्ग बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हाँसिल गरी कम्तिमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा पाँच (५) बर्ष वा आर्थिक, बैंक वा वित्तीय क्षेत्रमा भए आठ (८) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा सात (७) बर्षको अनुभव भएको, वा

(ख) चार्टर्ड एकाउन्टेन्सी, वा व्यवस्थापन, बीमा, अर्थशास्त्र, बाणिज्यशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून बिषयमा स्नातक उपाधि हाँसिल गरी कम्तीमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा बाह्र (१२) बर्ष, बैंक वा वित्तीय क्षेत्रमा भए पन्ध्र (१५) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा तेह्र (१३) बर्षको अनुभव भएको ।

स्पष्टिकरण : “व्यवस्थापक तह” भन्नाले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएका संगठित संस्था वा कम्पनी ऐन अनुसार गठित संस्थाका अधिकृत द्वितिय वा सो सरह वा सो भन्दा माथिको पदलाई सम्झनु पर्दछ र “उपाधी” भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त उपाधीलाई सम्झनु पर्दछ ।

(ग) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

(घ) उमेर : दरखास्त बुझाउने अन्तिम दिनसम्म ६५ बर्ष ननाघेको ।

## ३. दरखास्त साथ पदपूर्ति सिफारिस उपसमितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरु :

(१) शैक्षिक योग्यता, कार्यानुभव, सम्पर्क ठेगाना (इमेल, मोवाइल नम्बर,घर वा कार्यालयको ठेगाना) सहितको अन्य विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

(२) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा कार्यानुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(३) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेस गर्नु पर्नेछ । साथै, Soft Copy समेत पेस गर्नु पर्नेछ ।

(४) आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत भए आफु सेवारत निकायबाट विभागिय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

(५) माथि उल्लेख गरिएका कागजातका अतिरिक्त दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ :

(क) कुनै राजनीतिक दलको सदस्य नभएको ।

(ख) राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कम्पनीसँग निजी स्वार्थ नभएको ।

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

(ङ) टाट नपल्टेको, बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको ।

(च) बैंक तथा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुनबमोजिम कालो सूचीमा नपरेको वा कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा ३ बर्ष पूरा भएको ।

(छ) विदेशी मुलुकको स्थायी वसोवासको अनुमति प्राप्त नगरेको ।

## ४. प्रमुख कार्यकारी अधिकृत पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार :

प्रमुख कार्यकारी अधिकृत पदको काम, कर्तव्य र अधिकार राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रवन्धपत्र तथा नियमावली, नियामक निकायबाट जारी भएको निर्देशिका, कार्यविधि, निर्देशन वा सूचना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## ५. ब्यावसायिक कार्ययोजना पेश गर्नुपर्ने :

(१) उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रमुख कार्यकारी अधिकृतका लागि तोकिएबमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरु समावेश हुने गरी तयार पारिएको हुनु पर्नेछ, ।

(क) राष्ट्रिय बीमा कम्पनी लिमिटेडको बारेमा जानकारी उल्लेख भएको विवरण (Understanding the Rastriya Beema Company Limited)

(ख) कम्पनीको विद्यमान अवस्थाको पहिचान र विश्लेषण (Identification and Analysis of Current Status of Rastriya Beema Company Limited)

(ग) कम्पनीको सबल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis)

(घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण (Analysis of Major Areas For Strategic Reform) .

(ङ) कम्पनीको निर्जीवन बीमा व्यवसाय लगायतका काम, कर्तव्य सम्पादनका जोखिम व्यवस्थापनका साथै उत्पादकत्व अभिवृद्वि (Productivitity Enhancement), व्यवसाय विस्तार र क्षमता अभिवृद्वि (Business Expansions and Capacity Development), संस्थागत सुधार एवं सुशासन (Corporate Reform and Good Governance), मानव संसाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, तथा लेखा परीक्षण सम्बन्धी नियमितता र अद्यावधिकता, प्रशासनिक शिरोभार खर्च नियन्त्रण, वित्तीय व्यवस्थापन तथा नियन्त्रण, श्रोत परिचालन र उपयोगमा कुशलता, प्रतिस्पर्धात्मकता अभिवृद्वि, संस्थाको अपेक्षित स्वरुप, प्राथमिकता र कार्यान्वयन पक्ष, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरुको सञ्चालन, संस्थाको पारदर्शिता, स्वच्छता, नियमितता, व्यावसायिकता, विश्वसनीयताको सुनिश्चितता, अनुगमन, मूल्यांकन तथा परिपालनको प्रभावकारिताको लागि आवश्यक कदमहरु समेत समावेश भएको समय-सारिणी (प्रमुख कार्यकारी अधिकृतको कार्यावधि) सहितको व्यावसायिक कार्ययोजना (Business Action Plan) ।

(२) व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A4 Size (ए फोर साईज) कागजमा तयार गर्नु पर्नेछ । अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको फन्ट (Font) Times New Roman मा लेखिएको हुनु पर्नेछ र मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा र उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अर्न्तवस्तु (Text) १२ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ । नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको फन्ट (Font) Unicode मा लेखिएको हुनु पर्नेछ र मूल शीर्षक १६ प्वाइण्ट बोल्डमा, उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अर्न्तवस्तु (Text) १२ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ ।

(३) व्यावसायिक कार्ययोजनाको मूल अर्न्तवस्तु (Main Text) को पहिलो पृष्ठमा पृष्ठ १ (1) टाइप गरी सो पछिका पृष्ठहरुमा क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ ।

(४) व्यावसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन “i” देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ ।

(५) छनौट सूचीमा परेका उम्मेदवारहरुले आफ्नो व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणको लागि प्रति उम्मेदवार ४० (चालिस) मिनेट समय प्रदान गरिनेछ ।

## ६. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भार :

(१) उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्कभार र सोको वर्गीकरण तपसिलबमोजिम कायम हुनेछ ।

| | |
|---|---|
| (क) शैक्षिक योग्यता र अनुभव | ५० अङ्क |
| (ख) व्यावसायिक कार्ययोजना | ५० अङ्क |
| (ग) प्रस्तुतीकरण | ३० अङ्क |
| (घ) अर्न्तवार्ता | २० अङ्क |

पूर्णाङ्क १५० अङ्क

(२) शैक्षिक योग्यता, अनुभव र तालिमको कुल ५० अङ्कमध्ये शैक्षिक योग्यता २५ अङ्क र कार्यानुभवको २५ अङ्क कायम हुनेछ । सोको गणना निम्नानुसार हुनेछ :

- शैक्षिक योग्यता र कार्यानुभव - ५०

| (क) शैक्षिक योग्यता -२५ | अङ्क बाँडफाँड |
|---|---|
| स्नातक तह | १९ |
| स्नातकोत्तर तह | २२ |
| विद्यावारिधी | २५ |
| (ख) कार्यानुभव -२५ | |
| तोकिएको न्यूनतम कार्यानुभव भएमा | १८ |
| तोकिएको न्यूनतम कार्यानुभव भन्दा बढी अनुभव भएमा हरेक बर्ष १ अंकको दरले थप गरी गणना गर्दा बढीमा | २५ |
| स्पष्टीकरण– हरेक बर्ष भन्नाले १ बर्षको अवधि पूरा भएको हुनु पर्नेछ । महिना वा दिनलाई गणना गरिने छैन । | |

**(३) व्यावसायिक कार्ययोजनाको मूल्यांकनको आधार - ५०**

(क) संस्थाको यथार्थ अवस्था बारेको जानकारी - ५

(ख) स्पष्ट धारणा - ५

(ग) विश्लेषण तथा तार्किकता - १२

(घ) सृजनशिलता, नेतृत्व र संयोजन - ५

(ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव - १२

(च) प्राथमिकता र कार्यान्वयन पक्ष - ५

(छ) कार्य योजनाको ढाँचा र लेखन शैली - ६

**(४) व्यवसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार - ३०**

(क) प्रस्तुतीकरणको शैली - ५

(ख) प्रस्तुतीकरणको ढांचा, विधि र प्रस्टता - ५

(ग) आत्मविश्वास - ६

(घ) क्रिया प्रतिक्रियामा दक्षता (अर्न्तक्रिया) - ५

(ङ) विषय-वस्तुको ज्ञान, सान्दर्भिकता र विश्वसनीयता - ६

| | | | |
|---|---|---|---|
| (च) समयको व्यवस्थापन | - | ३ | |
| **(५) अन्तर्वार्तामा मूल्याङ्कनको आधार** | - | | २० |
| (क) विषय वस्तुको ज्ञान | - | ५ | |
| (ख) नेतृत्व शैली | - | ३ | |
| (ग) व्यक्तित्व | - | ३ | |
| (घ) सृजनशील क्षमता | - | ३ | |
| (ङ ) उठाइएका विषय सम्बोधन गर्ने क्षमता | - | ३ | |
| (च) संस्थागत अपेक्षा, संस्थाप्रतिको प्रतिवद्धता | - | ३ | |

(स्पष्टिकरण : अर्न्तवार्तामा ७० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम अंक दिदा कारण खुलाउनु पर्नेछ । )

## ७. उम्मेदवार छनौटका आधार एवं प्रक्रिया :

मूल्याङ्कन अङ्क तालिका बमोजिम छनौटको आधार देहाय अनुसार हुनेछ । यसका लागि निम्नबमोजिमको प्रक्रिया अपनाईनेछ :

(१) उम्मेदवारको शैक्षिक योग्यता र पेश भएको व्यवसायिक कार्ययोजनाको परीक्षणबाट प्राप्त अङ्कको प्राथमिकताको आधारमा उम्मेदवारहरु मध्ये बढीमा ५ जना उम्मेदवारहरुलाई छनौट गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अर्न्तवार्ताका लागि छनौट गरिनेछ । तर, कम्तिमा ३ जनाको संख्यामा मात्र आवेदन पर्न आएमा पनि उक्त उम्मेदवारहरु तोकिए बमोजिमको योग्यता तथा अनुभव र आवश्यक कागजात पुगेमा व्यवसायिक कार्ययोजना प्रस्तुतिकरण तथा अर्न्तवार्ताको लागि छनौट गरिने छ । तर, तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरुलाई यथावत राखी थप आवेदनको लागि ७ दिनको म्याद दिई पुनः दरखास्त आह्वान गरिनेछ ।

(२) पुनः दरखास्त आह्वान गर्दा उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरु मध्ये शैक्षिक योग्यता, तालिम, अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्यांङ्कन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई प्रमुख कार्यकारी अधिकृत नियुक्तीका लागि कम्पनीको सञ्चालक समिति समक्ष वर्णानुक्रमानुसार सिफारिस गरिनेछ ।

## ८. व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अर्न्तवार्ता सम्बन्धी थप व्यवस्था :

(१) व्यावसायिक कार्ययोजनाको परीक्षण, उम्मेदवारको छनौट (Short Listing), प्रस्तुतिकरणको मूल्यांकन, अर्न्तवार्ता र सिफारिस सम्वन्धी कार्य पदपूर्ति सिफारिस उपसमितिले गर्नेछ । उपसमितिले आवश्यक ठानेमा यस संग सम्बन्धित एक जना विज्ञलाई आमन्त्रण गरी आवश्यक सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कूल प्राप्ताङ्क निर्धारण गर्दा आमन्त्रित विज्ञ समेतको मूल्यांकनलाई समावेश गरी औषत अंक निर्धारण गरिनेछ ।

## ९. कार्यविधि संसोधन :

यो कार्यविधिको कुनै दफा वा उपदफा संसोधन गर्नु परेमा सञ्चालक समितिले आवश्यक संसोधन गर्न सक्नेछ ।

## १०. बाधा अड्काउ फुकाउ :

यो कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा सञ्चालक समितिले फुकाउन सक्नेछ ।

अनुसूची –१

# राष्ट्रिय बीमा कम्पनी लिमिटेडको

## प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सिफारिस उपसमितिको

## पदपूर्ति सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७८/०८/१२ गते)

राष्ट्रिय बीमा कम्पनी लिमिटेडमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय, रामशाहपथ, काठमाडौंमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन ।

**१. योग्यता तथा अनुभव :**

क) बीमा, व्यवस्थापन, वित्त, लेखा, अर्थशास्त्र, बाणिज्यशास्त्र, कानून, गणित, तथ्याङ्कशास्त्र वा इन्जिनियरिङ्ग बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हाँसिल गरी कम्तिमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तिमा पाँच (५) बर्ष वा आर्थिक, बैंक वा वित्तीय क्षेत्रमा भए आठ (८) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा सात (७) बर्षको अनुभव भएको, वा

(ख) चार्टर्ड एकाउन्टेन्सी, वा व्यवस्थापन, बीमा, अर्थशास्त्र, बाणिज्यशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून बिषयमा स्नातक उपाधि हाँसिल गरी कम्तीमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा बाह्र (१२) बर्ष, बैंक वा वित्तीय क्षेत्रमा भए पन्ध्र (१५) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा तेह्र (१३) बर्षको अनुभव भएको ।

स्पष्टिकरण : "व्यवस्थापक तह" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएका संगठित संस्था वा कम्पनी ऐन अनुसार गठित संस्थाका अधिकृत द्धितिय वा सो सरह वा सो भन्दा माथिको पदलाई सम्झनु पर्दछ र "उपाधी" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त उपाधीलाई सम्झनु पर्दछ ।

(ग) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

(घ) उमेर : दरखास्त बुझाउने अन्तिम दिनसम्म ६५ बर्ष ननाघेको ।

**२. दरखास्त पेश गर्ने प्रक्रिया :**

क) दरखास्त साथ कम्पनीको Website: www.rbcl.gov.np मा प्रकाशित प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिमको कागजात तथा विवरण र सोही दफाको उपदफा (५) अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साईजको फोटो तथा उपरोक्त कार्यविधिको दफा ५ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) चार प्रति खामबन्दी गरी कम्पनीको कर्मचारी प्रशासन विभागमा पेश गर्नुपर्नेछ । साथै, सो को Soft Copy समेत पेस गर्नु पर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर "राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख गरेको हुनुपर्नेछ ।

ग) बहालवाला कर्मचारीले यस पदको प्रतियोगितामा सहभागी हुन चाहेमा सेवारत निकायबाट विभागिय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

३. **व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण :**

छनौट सूची (Short Listing) मा परेका उम्मेदवारले आफुले पेस गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

४. **दस्तुर :**

दरखास्त दस्तुरवापत कम्पनीको बैक अफ काठमाडौं, कमलादीमा रहेको खाता नम्बर ०१०००००००५२७५२४ मा रु. ३,०००।- (अक्षरेपी तीन हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

५. **पारिश्रमिक :**

प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भए बमोजिमका शर्तहरुका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

६. **अन्य विवरण :**

क) प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७८ का सम्बन्धमा कम्पनीको Website: www.rbcl.gov.np बाट जानकारी लिन सकिनेछ ।

ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त पदपूर्ति सिफारिस उपसमितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

घ) यस सम्बन्धी थप जानकारीका लागि कम्पनीको कर्मचारी प्रशासन विभाग वा टेलिफोन नं. ०१४२५८८६६ मा सम्पर्क गर्न सकिनेछ ।